# १ पवित्र आत्मा र परमेश्‍वरको वचन

***यस अध्यायका मूल पदहरू:*** २ पत्रुस १:१९-२१, १ कोरन्थी २:९-१३, भजन ११९-१६० र यूहन्ना १७:१७।

***यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:*** "(पूरा बाइबलमा) परमेश्‍वरले जीवनको सास फुकिदिनुभयो। जे सत्य सो सिकाउनमा (बाइबल) उपयोगी पुस्तक हो। हामीहरूले गरेका भुलहरू वा हामीहरू हिडिरहेका गलत बाटोहरू सच्याउन यसले सहयोग गर्दछ। हामीहरूको टुटिएको जीवन फेरि पुनर्जिवित पार्न वा पूर्णता प्राप्त गराउन यो उपयोगी छ। जे ठिक छ सो गर्न यसले तालिम दिन्छ। (बाइबललाई) प्रयोग गरेर परमेश्‍वरको जन प्रत्येक असल कुरा गर्न पूर्ण तरिकाले सुसज्जित हुनसक्छ" (२ तिमोथी ३:१६,१७ रूपान्तरित)।

उपरोक्त मूल सारले आफू के हो भनेर बाइबलले आफैलाई परिचय गराउँछ। यो परमेश्‍वरको वचन भएकोले नै त्यहाँ उल्लेख गरिएका सबै थोकहरू गर्न सक्छ। पवित्र आत्माको सहयोग लिएर परमेश्‍वरले मानव जगतलाई आफ्नो वचन प्रकट गर्नुभएको थियो। परमेश्‍वरले तयार गर्नुभएको मुक्तिको योजनालाई पवित्र आत्माले हामीलाई देखाउनुहुन्छ। परमेश्‍वरलाई मन पर्ने जीवन हामीले कसरी बिताउने भनेर हामीलाई पवित्र आत्माले नै देखाउनुहुन्छ।

बाइबललाई सृजना गर्न पवित्र आत्माले नै सहयोग गर्नुभएको थियो। धेरै वर्ष अघि यो काम सम्पन्न भएको थियो भन्ने कुरा सत्य छ। तर बाइबलसँगसँगै र अरू धेरै महत्त्वपूर्ण तरिकाहरूद्वारा अहिले पनि पवित्र आत्मा सक्रिय हुनुहुन्छ। हामीले पढेको बाइबललाई बुझाउन उहाँले मद्दत गर्नुहुन्छ। अझ भनौं भने पवित्र आत्माको महत्त्वपूर्ण कामहरूमा परमेश्‍वरको वचन हामीलाई बुझाउने काम पनि एक हो। वर्तमान जीवनमा यो काम उहाँको अत्यन्त महत्त्वपूर्ण काम हो भने पनि हुन्छ। यो किनभने जब हामी बाइबल पढ्छौं तब हामीलाई पवित्र आत्माको अत्यन्त खाँचो हुन्छ। परमेश्‍वरको वचनलाई आत्मसात् गर्न चाहना गराउने काम नै पवित्र आत्माको हो। बाइबलले सिकाएका ज्ञानहरूलाई हामीहरूको जीवनमा लागु गराउन पवित्र आत्माले नै सघाउनुहुन्छ। त्यसकारण पवित्र आत्माले बाइबलसँग र बाइबल

द्वारा काम गर्नुहुन्छ। पवित्र आत्माले नै हामीहरूलाई प्रभु येशू ख्रीष्टमा परिवर्तन गरि नयाँ मानिसहरू बनाउनुहुन्छ।

पवित्र आत्माको काम बाइबलसँग कसरी मिलेको हुन्छ भनेर यस अध्यायमा हामी अध्ययन गर्नेछौं।

## १. पवित्र आत्मा र परमेश्वरको ज्ञानको रहस्योद्घाटन (२ पत्रुस १:१९-२१)

पतित मानिसहरूको जीवनमा उहाँको योजना बुझोस् र पाओस् भनेर परमेश्वरले कसरी निश्चित गर्नुहुन्छ? रहस्योद्घाटनको कामबाट र प्रेरणाद्वारा परमेश्वरले मानिसहरूलाई उहाँको योजना बुझाउन सहयोग गर्नुहुन्छ।

परमेश्वर र मानिसहरूको बीचमा आत्मिक ज्ञानलाई संचार गर्ने माध्यमलाई रहस्योद्घाटन वा रिभलेशन (revelation) भनिन्छ। यसले परमेश्वरबाट जन मानसको बीचमा लुकिएको ज्ञानलाई बाहिर प्रकाशमा ल्याउँछ वा पुऱ्याउँछ। यस रहस्योद्घाटन माध्यम भनेको हामीहरूभन्दा अलौकिक वा वाहिरको शक्तिले हामीहरूलाई सत्यको ज्ञान दिलाउँछ। त्यो अलौकिक शक्ति परमेश्वर हुनुहुन्छ। हामीहरूको आफ्नै अथक प्रयासले थाहा नपाएको ज्ञान वा थाहा नहुने ज्ञानको भेदलाई परमेश्वरले प्रत्यक्ष वा स्वप्न दर्शनद्वारा खुलाउनुहुन्छ। हामी परमेश्वरको स्वरुपमा सृष्टिभएर उहाँको ज्ञानलाई जान्न खुबी भएतापनि हामीहरूको पापले गर्दा त्यो ज्ञान लुक्न गएको छ। त्यसकारण परमेश्वरबाट दिइने ज्ञानलाई थाहा दिन हामीलाई पवित्र आत्माको खाँचो छ। उदाहरणमा दानिएल २:१९-२३ "१९ राती दर्शनमा दानिएललाई यसको रहस्य प्रकट गरियो। तब दानिएलले स्वर्गका परमेश्वरलाई प्रशंसा गरे, २० र भने, सदासर्वदै परमेश्वरको नाउँमा स्तुति होस्। बुद्धि र पराक्रम उहाँकै हुन्। २१ उहाँले नै समय र ऋतुहरू परिवर्तन गर्नुहुन्छ। उहाँले राजाहरूलाई सिंहासनमा राख्नुहुन्छ र उनीहरूलाई अपदस्थ गर्नुहुन्छ। उहाँले समझदारहरूलाई बुद्धि दिनुहुन्छ अनि विवेकीहरूलाई ज्ञान दिनुहुन्छ। २२ उहाँले गहिरा र लुकिएका कुराहरू प्रकट गर्नुहुन्छ, उहाँले अन्धकारमा के छ भनी जान्नुहुन्छ, र ज्योतिले उहाँमा वास गर्छ।
२३ हे मेरा पिता-पुर्खाका परमेश्वर, तपाईंलाई म धन्यवाद दिंदछु र तपाईंको प्रशंसा गर्दछु, तपाईंले मलाई बुद्धि र शक्ति दिनुभएको छ, हामीले मागेको कुरा तपाईंले मलाई प्रकट गर्नुभयो, तपाईंले हामीलाई राजाको सपना प्रकट गर्नुभयो।" )।

रहस्योद्घाटन वा दर्शनद्वारा मानव जगतलाई परमेश्वरले उहाँको उपस्थिति र पवित्र योजना प्रकट गराउनुहुन्छ। रहस्योद्घाटन् वा प्रकाश

अर्थात् रिभलेशनको अर्थ लुकिएको वस्तुलाई खुलासा गर्नु हो। जब हामी रहस्योद्घाटन वा दर्शनको बारेमा सोच्छौं तब हामी पतित भएका छौं र पापमा छौ भनेर याद गर्नुपर्छ। पापले गर्दा परमेश्वर र हामीहरूको बीचमा फाटो भएको छ। हामीहरूको आफ्नै शक्तिले कतिपय कुराहरू थाहा पाउन र सिक्न सक्दैनौं किनभने हामी सिमित दिमाग भएका मानिसहरू हौं। परमेश्वरको योजना थाहा पाउन हामी परमेश्वरमा नै भर पर्नुपर्छ। अर्को शब्दमा भन्ने हो भने मानिसहरूले जतिसुकै घमण्ड गरेतापनि तिनीहरू परमेश्वर होइन। परमेश्वरको बारेमा हामीसँग अत्यन्त सिमित ज्ञान छ। त्यसकारण परमेश्वरको चाहना अनुसार हामीलाई चाहेका ज्ञानहरू पाउन उहाँले नै गर्ने प्रकाश वा दर्शन वा रहस्योद्घाटनमा हामी भर पर्नुपर्छ।

बाइबलमा भएका भविष्यवाणी वा बाइबलमा उल्लेख गरिएका सामग्रीहरू कहाँबाट आए भनेर पत्रुसले २ पत्रुस १:१९-२१मा खुलासा गरेका छन्। परमेश्वरबाट नै आएका सन्देशहरूले गर्दा बाइबलको आधिपत्यको बारेमा हामीलाई के तथ्य जानकारी गराउँछ? हेर्नुहोस्: "१९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।"

पत्रुसको भनाई अनुसार पुरानो कराका वचनहरू वा भविष्यवाणीहरू कुनै मानिसले तपस्या गरेर मानव चाहना अनुसार आएका होइनन्। परमेश्वरका अगमवक्ता वा उहाँका सम्बाददाताहरूलाई पवित्र आत्माले परिचालन गरेका थिए। परमेश्वरबाट आउनुपर्ने सन्देशहरू ती पवित्र जनहरूमार्फत सञ्चार गरिएका थिए। ती मानिसहरूले स्वइच्छा वा आफ्नै अथक प्रयास वा अरू मानिसको प्रभावले परमेश्वरका वचनहरू सृजिएका होइनन्। ती मानिसहरू सन्देश दिने केवल भाँडो वा माध्यमहरूमात्र थिए। मानिसहरूको समक्ष भविष्यवाणीहरू बाहिर ल्याउने काम पवित्र आत्माको हो भनेर पत्रुसले स्पष्ट रूपमा ठोकुवा गरेर भन्दछन्। यो सत्य हो कि ती भविष्यवाणीहरू वा परमेश्वरका सन्देशहरू मानिसहरूले नै आआफ्ना भाषाहरूमा लेखेका हुन्। तर अगमवक्ताले चाहेको अनुसार भविष्यवाणी वा

परमेश्वरका वचनहरू कहिलै पनि आएका थिएनन् (२ पत्रुस १:२१)। परमेश्वरले बाइबल दिनुभएर हामीहरूको जीवनको अन्तिम अधिकार वा स्रोत उहाँ नै हुनुहुन्छ भनेर आत्मसात् गर्न जरुरी छ।

यस संसारलाई उहाँका वचनहरू दिन उहाँले मानिसहरूलाई नै प्रयोग गर्नुभयो। बाइबलमा लेखिएका वचनहरू अरूलाई बाँड्न पवित्र आत्माले हामीहरूलाई कसरी परिचालन गर्न दिने?

## २ पवित्र आत्मा र प्रेरणा (२ पत्रुस १:२१)

संसारमा परमेश्वरको सन्देश दिन पवित्र आत्मा र मानिसहरूको बीचमा उहाँ परमेश्वरले कसरी काम गर्नुहुन्छ भनेर बुझाउन प्रेरणा, उत्प्रेरणा वा अन्तर प्रेरणा भन्ने शब्दहरू प्रयोग गरिन्छ। सम्पूर्ण बाइबलमा भएका सत्यहरू एक आपसमा कसरी सहमत छन् भनेर देखाउने काम पवित्र आत्माको हो। पवित्र आत्मा सत्यको आत्मा हुन् (यूहन्ना १४:१७, यूहन्ना १५:२६, यूहन्ना १६:१३)।

बाइबल लेख्न बाइबलका लेखकहरू कसरी सम्मिलित भएका थिए भनेर देहायका केही पदहरूले बताउँछन्। फेरि त्यही काममा परमेश्वर आफै पनि कसरी संलघ्न हुनुभएको थियो भनेर कसरी उल्लेख गरिएको छ, सो पढ्नुहोस्: २ पत्रुस १:२१ "किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।", व्यवस्था १८:१८,१९ "१८ तिनीहरूका निम्ति तिनीहरूका दाजुभाइमध्येबाट तिमीजस्तै म एक जना अगमवक्ता खड़ा गर्नेछु। म मेरो वचन तिनको मुखमा हालिदिनेछु, र मैले आज्ञा गरेका सबै कुरा तिनले तिनीहरूलाई भन्नेछन्। १९ ती अगमवक्ताले मेरो नाउँमा भनेका मेरा वचनहरू नसुन्नेको लेखा म लिनेछु।", मीका ३:८ "तर म त याकूबलाई तिनको अपराध र इस्राएललाई तिनको पाप जनाइदिनलाई परमप्रभुका आत्माद्वारा शक्ति, न्याय र पराक्रमले पूर्ण भएको छु।" र १ कोरन्थी २:९-१३ "९ यसैकारणले नै तिमीहरूलाई जाँच्न, र हरेक कुरामा तिमीहरू आज्ञाकारी छौ कि छैनौ भन्ने थाहा पाउनका निम्ति मैले तिमीहरूलाई लेखेथें। १० जसलाई तिमीहरू क्षमा गर्छौ, म पनि क्षमा गर्छु। यदि मैले कसैलाई केही कुरामा क्षमा गरेको छु भने तिमीहरूकै खातिर ख्रीष्टको उपस्थितिमा क्षमा गरेको छु, ११ ताकि शैतानले हामीलाई फसाउन नपाओस्, किनकि त्यसका युक्तिहरूका विषयमा हामी अजान छैनौं। १२ ख्रीष्टको सुसमाचार प्रचार गर्न त्रोआसमा आउँदा प्रभुमा मेरो लागि एउटा ढोका खोलिएको थियो, १३ तर मेरो

भाइ तीतसलाई त्यहाँ नभेट्टाउँदा मेरो मनमा चैन भएन। यसकारण तिनीहरूबाट बिदा लिएर म माकेडोनियातर्फ लागे।"

परमेश्वरका जनहरूलाई पवित्र आत्माको अगुवाईद्वारा परिचालन गरिएको प्रक्रियाले (१ पत्रुस १:२१) प्रेरणा दिने मामिलामा पवित्र आत्माको काम कस्तो महत्त्वपूर्ण रहेछ भनेर देखाउँदछ। प्रेरणा दिन र परमेश्वरका वचनहरू प्रकट गर्न वा रहस्योद्‌घाटन गर्ने काममा पवित्र आत्माको अगुवाई कसरी हुन्छ भनेर प्रेरित पावलले १ कोरन्थी २:९-१३मा सिकाउँदछन्। मानिसहरूले नदेखेका रहस्यमय कुराहरू हामी प्रेरितहरूलाई परमेश्वरले उघारिदिनुभएको छ भनेर पावलले बताउँछन्। ती रहस्यमय कुराहरू के हुन् भनेर पावलले १ कोरन्थी २:९मा उल्लेख गर्दछन्। ती कुराहरू परमेश्वरले पवित्र आत्माद्वारा तिनीहरूलाई प्रकट गरिएको हो भनेर पनि उनले भन्दछन् (१ कोरन्थी २:१०)। "यो परमेश्वरबाट पाइएको आत्मा हो। परमेश्वरले सित्तैंमा दिनुभएको कुराहरू बुझाउन पवित्र आत्माले हामीहरूलाई सहयोग गर्नुहुन्छ" भनेर प्रेरित पावलले भन्दछन् (१ कोरन्थी २:१२ रूपान्तरित)। अनि प्रेरणाको बारेमा पावलले पद १३मा भन्न सुरू गर्छन्। उनी र अरू प्रेरित वा चेलाहरूले "मानिसहरूले हामीहरूलाई सिकाएका शब्दहरू प्रयोग गरेका छैनन्। पवित्र आत्माले हामीहरूलाई सिकाउनुभएका वचनहरूलाई हामी प्रयोग गर्छौं। आत्मिक सत्यहरू सिकाउन प्रयोग गरिने शब्दहरू पवित्र आत्माले नै दिनुभएको अनुसार प्रयोग गर्छौं" (रूपान्तरित) चर्चा गर्छन्। आफूले पाएको सन्देश कहाँबाट आएका थिए भन्ने कुरामा पावलमा कुनै शङ्का थिएन भनेर त्यसले  देखाउँछ। सन्देशको आधिकारिता परमेश्वरबाट नै दिइएको हो भनेर उनले ठोकुवा गरेका थिए।

बाइबलका धेरै भागहरू परमेश्वरले सिधै प्रकट गर्नुभएको थियो भन्ने कुर सत्य छ। तर बाइबलका सबै भागहरू त्यसरी प्रकट गरिएका थिएनन्। कहिलेकाहीं परमेश्वरले नै आफ्नो सन्देश मानिसहरूका माझमा ल्याउन र देखाउन अरू सामग्रीका लेखहरूलाई प्रयोग गर्नुभएको थियो (उदाहरणमा यहोशू १०:१३, लूका १:१-३)। त्यसकारण बाइबलका सबै भागहरू हामीहरूको सामु ल्याउन परमेश्वरले होशियारपूर्वक चुन्नुभएको थियो। तिनीहरू प्रेरणाद्वारा नै लेखिएका थिए (२ तिमोथी ३:१६)। परमेश्वरको प्रेरणाद्वारा लेखिएको बाइबल भएको हुनाले पावल भन्दछन्, "विगत समयमा लेखेका प्रत्येक सामग्री हामीलाई सिकाउन लेखिएको हो। हामीहरूको जीवनलाई अगाडि बढाउन चाहिने बल धर्मशास्त्र बाइबलले दिन्छ। त्यसले हामीलाई

आशा दिन्छ र साहस दिन्छ" (रोमी १५:४)। अर्को शब्दमा भन्ने हो भने मानिसहरूको भाषा परमेश्वरले नै सृजना गर्नुभएको थियो। प्रेरित भएका बिचारहरूलाई उहाँले चुनिएका मानिसहरूद्वारा जनसमक्ष ल्याउन मानिसका शब्दहरूलाई नै प्रयोग गरिन्छ। ती सोचहरू परमेश्वरबाट नै आएका हुन् भनि हामी विश्वस्त छौं।

"उहाँका सत्यहरू संसारको सामु ल्याउन परमेश्वरले मानिसहरूलाई नै चुन्नुभएको थियो। उहाँको काम गर्न मानिसहरूलाई चाहिने दक्षता र शक्ति उहाँले पवित्र आत्माद्वारा नै उपलब्ध गराउनुहुन्छ। के बोल्ने र के लेख्ने भनेर निर्णय गर्न मानिसहरूको दिमागलाई उहाँले नै अगुवाई गर्नुहुन्छ। ती सन्देशहरू मानिसहरूलाई दिएका थिए। तर ती सन्देशहरू स्वर्गबाट आएको हो।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेज,* बुक १, पृ. २६बाट रूपान्तरित।

## ३, बाइबललाई विश्वास गर्न सकिन्छ र सत्य हो भनेर पवित्र आत्माले नै ठम्याउनुहुन्छ (भजन ११९:१६०)

आफ्ना सत्य वचन तथा सन्देशहरू मानिसहरूको बीचमा प्रकट गराउन परमेश्वरले आफूले नै चुन्नु भएका मानिसहरूलाई प्रयोग गर्नुहुन्छ। मानिसहरूको आफ्नै भाषामा उतारेका परमेश्वरको सत्यतालाई पवित्र आत्माले सुरक्षित राख्नुहुन्छ। त्यस कार्यको निम्ति परमेश्वरले नै चुनिएकाहरूमा उहाँको प्रेरणा समावेश भएको हुन्छ। त्यो समावेश गराउने काम पवित्र आत्माको हो। लेखकहरूका शब्दहरूका शुद्धतालाई परमेश्वरले पूर्ण रूपमा अनुमोदन गरुन् भनेर सघाउने काम पवित्र आत्माको हो। भ्रष्ट साझी वा झुठो वचनहरूलाई परमेश्वरले तिरस्कार गर्नुहुन्छ (प्रस्थान २०:१६)। अझ भन्ने हो भने हामीहरूको परमप्रभु परमेश्वरले झुठो बोल्न सक्नुहुन्न (हिब्रू ६:१८)। उहाँ सत्यको परमेश्वर हुनुहुन्छ भनेर सम्बोधन गरिएको छ (भजन ३१:५, यशैया ६५:१६)। त्यसै अनुरुपमा पवित्र आत्मालाई पनि सत्यको आत्मा भनेर सम्बोधन गरिएको छ (यूहन्ना १४:१७)।

परमेश्वरले हामीलाई प्रकट गर्नुभएका जुन् कुरा पनि के हो भनेर भजन ११९:१६०ले कसरी सिकाउँदछ? हेर्नुहोस्: “तपाईंको व्यवस्था सत्य छ र तपाईंका सबै धार्मिक न्यायहरू अमर छन्।" परमेश्वरको वचन के हो भनेर येशूले हामीहरूलाई भन्नुभएको कुरालाई यूहन्ना १७:१७मा हेर्नुहोस्: “तिनीहरूलाई सत्यद्वारा तपाईंकै पवित्र सेवकहरू बनाउनुहोस् किनभने तपाईंको वचन सत्य हो।"

परमेश्वरको वचनको विश्वसनीयतामा हामी भर पर्न सक्छौं। यसलाई अलिकति पनि थुनछेक नगरि वा हो कि होइन भनेर तर्क नगरि पूर्ण रूपमा स्वीकार वा आत्मसात् गर्नुपर्छ। बाइबललाई मूल्याङ्कन गर्ने काम वा त्यसको आधिकारिकतालाई न्याय गर्ने काम हाम्रो होइन। तर हामीहरूको मूल्याङ्कन गर्न, न्याय गर्न वा आलोचना गर्ने अधिकार बाइबललाई दिइएको छ। "१२ परमेश्वरको वचन त काम गरिरहने र जिउँदो छ। यो दुईधारे तरवारभन्दा पनि धारिलो छ। यसले भित्र पुगी प्राण र आत्मालाई छुट्याइदिन्छ। जोर्नी र हाडलाई अलग पारिदिन्छ। परमेश्वरको वचनले मानिसहरूको हृदयको विचार र चाहना वा नियतहरूलाई केलाएर जाँच गर्छ।" (हिब्रू ४:१२)।

निःसन्देह, बाइबलका लेखकहरू त्यस युग, संस्कार वा संस्कृति वा स्थानहरूमा रहेका थिए जो हामीहरूभन्दा भिन्न छन्। तर ती तथ्यले हामीमा लागु हुने बाइबलका वचनहरूलाई कमजोर गराउनुहुन्न न त यो त पुरानो जमानाको निम्ति हो भनेर वेवास्ता गर्नुहुन्छ। यदि त्यसो गर्न बाइबलले ढोका खोलिदियो भने के हुन्छ होला? मानिसहरूले आफ्नै तर्क, वौद्धिक ज्ञानलाई बाइबलले सिकाएका ज्ञानभन्दा सर्वोपरि राख्छन् र बाइबलको आधिकारिकतालाई निकम्मा पारिदिन्छन्। सत्यको परिभाषा दिने निर्णय तिनीहरूले नै गर्नेछन्। त्यसले गर्दा बाइबललाई विश्वास गर्छु भनेर दावि त गर्नेछन् तर धेरै मानिसहरू यसले सिकाएका परमेश्वरका सत्यलाई पन्छाउने हुन्छन्। छ दिने सृष्टि, विश्वव्यापि जलप्रलय, कन्या मरियमबाट येशूको जन्म, शरीरमा येशूको पुनरुत्थान र प्रत्यक्षरूपमा उहाँको आगमन जस्ता सत्यका खम्बाहरूलाई तिनीहरूले ढलाई दिन्छन्। ती सत्यहरू केवल केही मात्र हुन् तर बाइबलमा भएका अरू धेरै सत्यहरू छन् जसबाट कतिपय मानिसहरू तर्किएका छन् किनभने तिनीहरूले बाइबलमाथि बसेर त्यसलाई व्याख्या गर्ने अधिकार आफूमामात्र भएको भनेर मानिसहरूलाई झुक्याउँछन्। ती व्याख्याकारहरूले बाइबलका सत्यहरूलाई विश्वास गरेका हुँदैनन् र बाइबलको बारेमा फैसला गर्न न्यायको आशनमा बस्दछन्। हामी कसैले पनि त्यो बाटो कहिलै पनि अपनाउनु हुँदैन।

परमेश्वरको वचनको मूल्याङ्कन हामीले गर्नुभन्दा बाइबललाई नै गर्न दिनु किन जरुरी छ? सत्य भनेको के हो भनेर बाइबललाई नै व्याख्या गराउनुको सट्टा हामीहरूले व्याख्या गर्नु किन गलत छ?

## ४. शिक्षक वा गुरूको रूपमा पवित्र आत्मा (१ कोरन्थी २:१३,१४)

हामीलाई बाइबल दिनमा पवित्र आत्माले उल्लेखनीय भूमिका खेल्नु भएको थियो। साथै बाइबललाई सही रूपमा बुझ्न पवित्र आत्माले नै सहयोग गर्नुहुन्छ। पापले गर्दा मानिसहरूको दिमागलाई अन्धकार बनाएको हुन्छ। हामीहरूको आफ्नै बुद्धिले सत्यलाई बुझ्न सक्दैनौं। हामी परमेश्वरबाट अलगिएका छौं (एफिसी ४:१८)। त्यसैकारण बाइबल बुझ्न पवित्र आत्माको सहयोग आवश्यक छ। जुन् आत्माले परमेश्वरको बचनलाई प्रकट गरेर लेख्न लगाइयो त्यही आत्माले बाइबललाई बुझाउन सहयोग गर्नुहुन्छ। बाइबल बुझ्न हामीलाई कठिन भएको होइन। तर परमेश्वरतर्फ हामीहरूको मनस्थितिले गर्दा हामीहरूलाई बाइबल बुझ्न गाऱ्हो हुन्छ। बाइबलबाट परमेश्वरले आफू को हुनुहुन्छ भनेर चिनाउनुहुन्छ। तर पापले गर्दा हामीहरूको सोच र जोश यसरी बिग्रन गयो र भ्रष्ट भयो कि परमेश्वरको सराहना गर्न हामी असफल हुन पुगेका छौं।

पवित्र आत्मा हामीहरूको गुरू हुनुहुन्छ। बाइबलको गहिरो कुराहरू हामीहरूलाई बुझाउन उहाँ अगुवाई गर्न चाहनुहुन्छ। बाइबललाई सराहना गरेर हामीहरू आनन्दित होउ भनेर पवित्र आत्मा चाहनुहुन्छ। हामीहरूको दिमागमा सत्यलाई घुसाउने काम पवित्र आत्माको हो। ती सत्यहरूलाई नयाँ नयाँ ढँगले बुझाएर दिमागलाई उज्यालो गर्ने काम उहाँले नै गर्नुहुन्छ। हामीहरूलाई आत्मज्ञान दिइँदा हामीहरूको जीवन परमेश्वरप्रति विश्वास गरेर इमान्दारिताकासाथ जिउन र परमेश्वरको योजना अनुसार चल्न सहयोग मिल्छ। तर हामीहरूले यदि नम्र र सिक्न चाहने इच्छाले बाइबल अध्ययन गऱ्यौं भनेमात्र परमेश्वरको आज्ञा मानेर र उहाँप्रति बफादार भएर जिइने प्रतिवद्धता हासिल गर्न सक्छौं।

आत्मिक कुराहरू आत्मिक तवरबाट बुझ्न आवश्यक छ भनेर पावलले १ कोरन्थी २:१३-१६ले कसरी बताउँछ? हेर्नुहोस्: "१३ जुन कुरा हामी प्रचार गर्छौं, ती कुरा मानिसहरूको बुद्धिले सिकाएका शब्दहरूमा होइन, तर पवित्र आत्माले सिकाउनुभएअनुसार हामी आत्मिक शब्दहरूमा आत्मिक सत्यताहरूको अर्थ खोल्दछौं। १४ जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ। १५ आत्मिक मानिसले सबै कुराको जाँच गर्दछ, तर ऊचाहिँ कुनै मानिसद्वारा जाँचिनेछैन। १६ "किनकि कसले प्रभुको मनलाई

जानेको छरू र कसले उहाँलाई सिकाउन सक्छ?" तर हामीसँग त ख्रीष्टको मन छ।"

बाइबल बुझ्न हामी पवित्र आत्मामाथि भर पर्नै पर्छ। पवित्र आत्मा बिना बाइबल धर्मशास्त्रका आत्मिक महत्त्वका ज्ञानहरू बुझ्न सकिन्दैन। अझ भन्नु पर्दा हामी पापी मानिस भएकोले स्वभावैले परमेश्वरको सत्यको खिलाफमा प्रायजसो हामी लागिरहेका हुन्छौं। हामीले बुझ्न नसकेको कारणले नै हामी बाइबलको बिपक्षमा चल्न हामी उत्सुक हुन्छौं। परमेश्वरको चाहना अनुसार चल्न अस्वीकार गरेकोले पनि हामी उहाँको वचनको विरोध गर्छौं। पवित्र आत्माको सहयोग बिना परमेश्वरको सन्देशप्रति मोह वा माया हुँदैन। पवित्र आत्माबिना हामीमा आशा हुँदैन, परमेश्वरमा भरोसा राख्न सक्दैनौं, उहाँको वचन हामीहरूको हृदयमा मायाले थुपार्दैनौं र साथै हामीहरूले परमेश्वरलाई मायाको जवाफ दिन सक्दैनौं। पवित्र आत्माले हामीलाई जे सत्य सिकाउनुहुन्छ त्यो बाइबलको तालमेल अनुसार सिकाउनुहुन्छ।

"बाइबलले जे सिकाउँछ सो को बारेमा बिभिन्न मानिसहरूको बिभिन्न धारणाहरू हुन्छन्। ती भिन्नताहरू बाइबल आफै अस्पष्ट भएको कारणले आएका होइनन्। तर मानिसहरूको अन्धोपना र पूर्वाग्रहले गर्दा नै बाइबलको अर्थमा भिन्नताहरू उब्जन्छन्। मानिसहरू आफ्नै गलत धारणामा चल्न मन पराएको हुनाले बाइबलका सरल सत्यहरू बुझ्न पन्छाएका हुन्छन्।"-एलेन जी ह्वाइट, द एडभेन्ट ट्रुथ एण्ड सब्बथ हेराल्ड, जनवरी २७, १८८५बाट रूपान्तरित। तपाईंमा भएको कुन् अहँ वा घमण्डले गर्दा तपाईंको जीवनमा बाइबलले देखाएको सत्य अनुसार चल्न गाऱ्हो भएको छ? तपाईंको जीवनको कुन् पक्ष छ जसले गर्दा परमेश्वरको सत्य वचन अनुसार चल्ने चाहनालाई बाधा पुऱ्याइरहेको छ? सबै थोक परमेश्वरमा सुम्पन्न तपाईंले कसरी सिक्ने?

## ५, पवित्र आत्मा र बाइबल (यूहन्ना ५:३९,४६,४७)

बाइबलका विषयवस्तुहरूलाई मानिसहरूलाई प्रकट गर्न र सञ्चार गर्न पवित्र आत्माले काम गर्नुभएको थियो। हामीहरूलाई बाइबलको खिलाफमा र बाइबलबाट टाडा राख्ने काममा उहाँले कहिलै पनि अगुवाई गर्नुहुन्न।

येशूले कसको आधिकारिकतालाई सम्बोधन गर्नुभएको थियो भनेर देहायका पदहरूले कसरी बताउँछन्? येशू नै मसीह हुनुहुन्छ भनेर बाइबलबाट उहाँले कसरी प्रमाणित गर्नुभएको थियो? हेर्नुहोस्, यूहन्ना ५: ३९,४६,४७ "३९ तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ

भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्... ४६ किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए। ४७ तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?" र यूहन्ना ७:३७,३८ "३७ अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो,'यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। ३८ जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।"

कतिपय मानिसहरूले पवित्र आत्माद्वारा मैले बिशेष सन्देश पाएको छु र मलाई विशेष रहस्योद्घाटन वा ज्ञानको ज्योति पाएको छु भनेर दावी गर्छन्। तर प्रायजसो ती मानिसहरूका सन्देशहरू र शिक्षादीक्षाहरू स्पष्ट रूपमा दिएका बाइबल सम्मत हुँदैनन्। तिनीहरूको निम्ति परमेश्वरको वचनभन्दा पवित्र आत्मालाई उच्च आधिकारिकतामा राख्दछन्। यदि बाइबलको मूल्य मान्यतालाई हामीले वास्ता गरेनौं र यसमा दिएका स्पष्ट सन्देशहरूलाई मात्र अश्वीकार गऱ्यौं भने के हुन्छ? हामी खतराको बाटोमा हिंडिरहनेछौं भन्ने त्यसको जवाफ हुन्छ। परमेश्वरकै आत्माको अगुवाई अनुसार हामी चलेका हुँदैनौं। हामीहरूको आत्मिक यात्रामा बाइबलमात्र हाम्रो सुरक्षा कवच हो। हामीहरूले व्यवहारमा लागु गर्नुपर्ने आचरणहरूको मापदण्ड थाहा पाउन र विश्वासलाई जोख्ने तराजु बाइबल नै हो।

**"पवित्र आत्माले हामीहरूको दिमागमा बाइबलबाटै बोल्नुहुन्छ। हामीहरूको हृदयमा सत्यहरूलाई राख्ने काम पवित्र आत्माको हो। त्यसले गर्दा हामीहरूका त्रुटीहरूलाई पवित्र आत्माले नै औंल्याउनुहुन्छ। हामीहरूको चेतनामा भएका गलत तत्वहरूलाई उहाँले नै निकाली दिनुहुन्छ। सत्यको आत्माले बाइबलबाट काम गर्नुहुन्छ। यस तरिकाले आफ्ना चुनिएका जनहरूलाई आफ्नो बसमा राख्न येशू ख्रीष्ट काम गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ६७१बाट रूपान्तरित।**

**एलेन जी ह्वाइटले आफ्नो अडान यसरी स्पष्ट रूपमा लिनुभएको छ "बाइबलको आधिकारिकताको सट्टामा पवित्र आत्मा साटिएको हो भन्ने ठान्नुहुन्न। सबै शिक्षादीक्षा र अनुभवहरूलाई जाँच्ने मापदण्ड बाइबल नै हो भनेर बाइबलले स्पष्ट रूपमा देखाएको छ।( अर्थात् हामीहरूको आत्मिक जोश तथा अनुभवहरू बाइबलबाटै प्रमाणित हुनुपर्छ)"-*द ग्रेट कन्त्रोभर्सी, पृ. ९बाट रूपान्तरित*।**

बाइबललाई पवित्र आत्माको जोशको नाउँमा साटिने होइन भनेर हामीले हेऱ्यौं। बरू पवित्र आत्माको काम बाइबल सम्मत हुन्छ र बाइबलबाट नै हामीहरूलाई उहाँले येशू ख्रीष्टितिर खिँच्नुहुन्छ। हामीहरूको अध्यात्मिक सत्यलाई जाँच्ने तराजु केवल बाइबलमात्र हो वा बाइबलले देखाएको प्रक्रिया अनुसार कसैले दावी गरेको सत्यलाई प्रमाणित गर्नुपर्छ भनेर हामी जिकिर गर्छौं। यदि कोही परमेश्वरको वचनको बिरुद्धमा गएर आफ्नो आत्मिक चिन्तन प्रकट गर्छ भने के गर्ने? तब त्यो मानिस सत्य बोलिरहेको छैन भनेर हामी यकिन हुन सक्छौं। निःसन्देह हामीहरूले मानिसहरूका हृदय र नियतलाई जोख्न सक्दैनौं वा न्याय गर्न सक्दैनौं। तर तिनीहरूको आत्मिक ज्ञानको मूल्याङ्कन गर्न सक्छौं। त्यो आत्मिक ज्ञानको मूल्याङ्कन गर्ने औजार बाइबलबाटै हुनुपर्छ।

चर्चमै परमेश्वरको वचनसँग तालमेल नभएका केही शिक्षाहरूले मानिसहरूलाई सिकाइरहेका छन्। ती केही कुन् कुन् हुन्? (१) ती गलत शिक्षालाई सिकाउने मानिसहरूप्रति र (२) ती गलतहरू शिक्षा आफैप्रति, हामीहरूको धारणा कस्तो हुनुपर्छ?

## उपसंहारः

थप जानकारीः यदि एलेन जी ह्वाइटका यी सामग्रीहरू उपलब्ध भए पढ्नुहोस्, *द ग्रेट कन्ट्रोभर्सी,* पृ. ५९३-६०३को "द स्क्रिप्चरस् ए सेफगार्ड" र *डिजाएर अभ एजेजको,* पृ. ६६२-६६८को "लेट नट योर हर्ट बि ट्रोबुल्ड।"

बाइबलमा लेखिएकै र देखाएका कारणले हामीलाई थाहा भएका कतिपय सत्य ज्ञानहरूको बारेमा सोच्नुहोस्। सृष्टिको बारेमा सोच्नुहोस्। हामीहरू कसरी सृष्टि भएका छौं भनेर परमेश्वरको बचनमा र मानिसहरूको शिक्षाको बीचमा सिकाएका कुराहरू धेरै फरक छन्। चार्ल्स डार्विनले सिकाएका र आधुनिक प्रगतिशील शिक्षाले सिकाएका बिकासबादको शिद्धान्तमा मानिसहरू प्रकृतिका तत्वहरूबाट बिकसित भएर मानिस देखा परेका हुन् भनेर भनिन्छ। यो कस्तो मानिसको गलत शिक्षा हो! यस युगको अन्तमा हुने येशूको दोस्रो आगमन र मृत्युहरूको पुनरुत्थानको बारेमा पनि सोच्नुहोस्। ती सत्य ज्ञानहरू हामीहरू आफैबाट सिक्न सक्ने कुराहरू होइन। ती कुराहरू हामीलाई प्रकट गरिनुपर्छ। ती ज्ञानहरू बाइबलबाट हामीलाई प्रकट गरिएको छ। पवित्र आत्माले नै बाइबल ल्याउन प्रेरित गर्नुभएको हो भनेर हामीले स्वीकार्नुपर्छ। अझ सबभन्दा महत्त्वपूर्ण सत्य भनेको येशूको जन्म र मृत्यू हो। उहाँ हामीहरूको पापको निम्ति मर्नुभयो र विश्वासद्वारा उहाँलाई ग्रहण गरे हामीले मुक्ति पाउँछौं र उहाँले हाम्रो निम्ति गर्नुहुने काम पनि विश्वासद्वारा नै स्वीकार्नुपर्छ। हामीहरूको अथक

प्रयासले ती सत्यहरूलाई थाहा पाउदैनौं। बाइबलमै लेखिएको कारणले अरू सत्य आत्मज्ञानहरूको बारेमा सोच्नुहोस्। एउटा महत्त्वपूर्ण सम्झिने कुरो यो छः हामीहरूलाई आवश्यक भएका सत्य ज्ञानहरू बाइबलमा मात्र पाउँछौं। हामीहरूको जीवनको केन्द्रविन्दु परमेश्वरको वचन कसरी हुनुपर्छ भनेर त्यस तथ्यले हामीलाई कसरी औंल्याउँछन्?

**चिन्तनमनन:**

१ हामीहरूमा कतिपय आत्मिक जिज्ञासाहरू हुन्छन्। ती जिज्ञासाहरूको जवाफ पाउन हामीहरूको आफ्नै ज्ञानबुद्धि, भावना वा जोशमा भन्दा बाइबलमा नै भरपर्नु किन जरुरी छ? जब सत्यलाई जोख्न बाइबललाई लिएनौं भने के हुन्छ? सबै आध्यात्मिक ज्ञान, चिन्तन र अनुभवहरूलाई किन बाइबलबाटै जाँचेर अनुमोदन हुनुपर्छ?

२ "सत्य" भन्ने शब्दको अर्थ धेरै छन्। कुनै कुरो सत्य हो वा कुनै कुरो सत्य होइन भन्ने बिषयमा चिन्तन गर्नुहोस्। कुनै कुरो सत्य हो भन्नुको अर्थ के हो?

३ कसैले "मैले नयाँ ज्योति पाएको छु। मैले नयाँ आत्मज्ञान पाएको छु" भने दावी गरे तपाईंको चर्चले कसरी लिने?

४ बाइबलले सिकाएका र मानिसहरूले सिकाएका हामीहरूको सृष्टिको बारेमा सोच्नुहोस्। विज्ञानको नाउँमा होस् वा मानिसहरूको दार्शनिक जिद्दिहरूबाट होस् विकासबाट सिद्धान्त ठिक हो भनेर सिकाउँदछन्। त्यो अनुमानित सिद्धान्त बाइबलको ठिक बिपरित छ। त्यस भिन्नताले अरू मानिसहरूको ज्ञानको स्रोतभन्दा बाइबलमाथि हामी भरोसा राख्नुपर्छ भनेर हामीलाई कसरी सिकाउँदछ?